National News

1/4/2024

प्रमुख समाचार

- प्रधानमन्त्रीले भन्नुभयो, भारतलाई आगामी दश वर्षमा आर्थिक रूपमा आत्मनिर्भर बनाउन आवश्यक छ
- सर्वोच्च न्यालयालयद्वारा वाराणसी अदालतको एकतीस जनवरीको आदेशमाथि रोक लगाउन अश्वीकार
- रक्षा मन्त्रीले भन्नुभयो, देशको रक्षा निर्यातमा पहिलोपल्ट एक्काइस हजार करोड रूपियाँको आँकडा पार
- केन्द्रिय गृह मन्त्रीले गर्नुभयो तीनवटा राज्यमा आँधीबाट भएको नोक्सानपछि मुख्यमन्त्रीहरूसित कुराकानी
- GST-को सकल राजस्वमा यस वर्षको मार्चमा वार्षिक आधारमा एघार प्रतिशतको बढत

---------------------------------------X---------------------------------------

PM Mumbai

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भन्नुभयो, भारतलाई आगामी दश वर्षमा आर्थिक रूपमा आत्मनिर्भर बनाउन आवश्यक छ, ताकि देशमा वैश्विक परिस्थितिको अधिक प्रभाव नपरोस। प्रधानमन्त्रीले भारतीय रिजर्व ब्याङ्कको नब्बे वर्ष पूरा भएको अवसरमा मुम्बईमा आयोजित समारोहमा भन्नुभयो, भारतीय ब्याङ्किङको क्षेत्रमा व्यापक परिवर्तन आएको छ र यो शोधको विषय हो। उहाँले भन्नुभयो, विगत दशकमा उहाँको सरकार र रिजर्व ब्याङ्कद्वारा उठाएका पहलका कारण ब्याङ्किङ क्षेत्र लाभको स्थितिमा छ। उहाँले भन्नुभयो, सरकारले सार्वजनिक क्षेत्रका ब्याङ्कहरूको पुनरुद्धारका लागि साढे तीन लाख करोड़ रूपियाँको पूँजी लगाएको छ। उहाँले भन्नुभयो, सार्वजनिक क्षेत्रका ब्याङ्कहरूको सकल गैर निष्पादित 2018-मा लगभग एघार दशमलौ दुई पाँच प्रतिशत भएको सम्पत्ति विगत वर्षको सितम्बरसम्ममा घटेर तीन प्रतिशतभन्दा पनि कम रह्यो। श्री मोदीले भन्नुभयो, दोहोरो ब्यालेन्स शीटको समस्या अब अतीतको कुरा भएको छ र ब्याङ्कले अब पन्द्र प्रतिशतको ऋण वृद्धि दर्ता गरिरहेछ। प्रधानमन्त्रीले भन्नुभयो, RBI-ले यी सबै उपलब्धीहरूमा महत्त्वपूर्ण भूमिका निभाएको छ।

---------------------------------------X---------------------------------------

SC Gyanvapi

सर्वोच्च न्यालयालयले वाराणसी अदालतको एकतीस जनवरीको त्यो आदेशमा रोक लगाउन अश्वीकार गऱ्यो, जसमा हिन्दू समुदायलाई ज्ञानवापी मस्जिदको दक्षिणी भूइतलामा पूजाको अनुमति दिइएको छ। भारतका मुख्य न्यायाधीश न्यायमूर्ति DY चन्द्रचूद र न्यायाधीश न्यायमूर्ति JB पारदीवाला तथा न्यायमूर्ति मनोज मिश्राको खण्डपीठले दुवै पक्षलाई ज्ञानवापी परिसरमा यथास्थिति बनाइराख्ने आदेश दिएको छ, ताकि दुवै समुदायले त्यहाँ धार्मिक प्रार्थना गर्न सकुन्। खण्डपीठले आफ्नो आदेशमा भनेको छ, अदालतको पूर्व अनुमति बिना दुवै पक्षमध्ये कसैले पनि यथास्थितिलाई भङ्ग नगरुन्।
अदालतले भनेको छ कि हिन्दूले दक्षिणबाट प्रवेश गरेर भूइतलामा प्रार्थना गर्नेछन्, र मुस्लिमले उत्तरबाट प्रवेश गरेर नमाज अदा गर्नेछन्। यो व्यवस्था मामिलाको अन्तिम निर्णयसम्म जारी रहनेछ।

यसैक्रममा, सर्वोच्च न्यायालयले मध्य प्रदेशको धार जिल्लामा विवादित भोजशाला र कमाल मौला मस्जिद परिसरको वैज्ञानिक सर्वेक्षणमाथि रोक लगाउन अस्वीकार गरेको छ। अदालतको आदेशबाट भारतीय पुरातत्व सर्वेक्षण (ASI)-ले धार जिल्लाको यस परिसरमा खन्न थालेको छ।

न्यायामूर्ति ऋषिकेश राय र PK मिश्राको खण्डपीठले आफ्नो अन्तरिम आदेशमा भनेको छ, ASI-को सर्वेक्षणको परिणामको आधारमा कुनै पनि कार्यवाही अदालतको अनुमति बिना गर्न सकिँदैन। खण्डपीठले यो पनि स्पष्ट गरेको छ कि विवादित स्थलको मूल संरचनामा कुनै परिवर्तन आउने गरी यस प्रकारले खनाई हुनुहुँदैन।

यसबाहेक, अदालतले मध्य प्रदेश उच्च न्यायालयको त्यस आदेशविरूद्ध दर्ता याचिकामाथि पनि नोटिस जारी गरेको छ, जसमा उच्च न्यायालयद्वारा ASI-लाई विवादित स्थल भोजशाला र कमाल मौला मस्जिदको सर्वेक्षण गर्ने निर्देश दिइएको छ।

---------------------------------------X---------------------------------------

## Rajnath Defence Export

रक्षा मन्त्री श्री राजनाथ सिंहले भन्नुभएको छ, वर्ष 2023-24-मा देशको रक्षा निर्यातले पहिलोपल्ट एक्काइस हजार करोड रूपियाँको आँकडालाई पार गऱ्यो। श्री सिंहले सोशल मिडिया पोस्टमा भन्नुभएको छ, रक्षा निर्यातमा विगत वर्षको तुलनामा बत्तीस प्रतिशतभन्दा अधिकको उल्लेखनीय वृद्धि दर्ता गरियो। उहाँले भन्नुभयो कि रक्षा मन्त्रालयले भारतको रक्षा साजो-सामानको निर्माण र निर्यात बढाउन धेरै पहल गरेको छ। रक्षा मन्त्रीले भन्नुभएक छ, निजी क्षेत्र र रक्षा सार्वजनिक उपक्रम समेत देशको रक्षा उद्योगले हालैको वर्षमा उत्कृष्ट प्रदर्शन गरेको छ। श्री सिंहले रक्षा निर्यातमा महत्त्वपूर्ण उपलब्धी हासिल गरेकोमा सबै हितधारकलाई बधाई दिनुभयो।

---------------------------------------X---------------------------------------

## Saha Storm

केन्द्रिय गृह मन्त्री श्री अमित शाहले आज पश्चिम बंगाल, असम र मणिपुरमा आँधीबाट भएको भारी नोक्सानपछि त्यहाँका मुख्यमन्त्रीहरूसित कुरा गर्नुभयो। उहाँले हरसम्भव सहायताको आश्वासन पनि दिनुभएको छ। एउटा सोशल मिडिया पोस्टमा श्री शाहले भन्नुभएको छ, उहाँ आँधीका कारण भएको नोक्सानमाथि धेरै चिन्तित हुनुहुन्छ। उहाँले मृतकका परिवारहरूप्रति संवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

## GST Collection

वस्तु एवं सेवा कर (GST)-को सकल राजस्व यस वर्षको मार्चमा वार्षिक आधारमा एघार प्रतिशतको बढतका साथ एक लाख अठतर हजार करोड रूपियाँको संग्रह भयो। मार्च सबैभन्दा अधिक GST संग्रह भएको दोस्रो महिना रह्यो। केन्द्रिय वित्त मन्त्रालयले भनेको छ, घरेलू लेन-देनमा सत्र दशमलौ छह प्रतिशतको बढतबाट GST संग्रहमा महत्त्वपूर्ण वृद्धि दर्ता गरियो। विगत वर्षमा GST संग्रहको मासिक औसत एक लाख अड्सट हजार करोड रूपियाँ रह्यो, जुन यसभन्दा पछिल्लो वित्त वर्षको एक लाख पचार हजार करोडको औसतभन्दा अधिक हो।

मन्त्रालयले भनेको छ, यस वर्ष मार्चमा GST राजस्वको शुद्ध रिफण्ड एक लाख पैंसट हजार करोड़ रूपियाँ छ, जुन पछिल्लो वर्षको समान अवधिको तुलनामा अठार दशमलौ चार प्रतिशत अधिक छ।

----------------------------------------X----------------------------------------

## Assam Subedar Farewell

भारतीय सेनाको असम रेजीमेन्टका प्रसिद्ध सेवानिवृत्त सूबेदार थानसियालाई आज भावभीनी विदाई दिइयो। एक सय दुई वर्षको आयुमा हिजो उहाँको निधन भयो। मिजोरमवासी सूबेदारलाई कोहिमाको युद्धमा आफ्नो पराक्रम र जेसामीमा तैनातीअवधी पहिलो असम रेजिमेन्टको विरासतलाई आकार दिनमा महत्त्वपूर्ण भूमिकाका लागि संधै याद गरिनेछन्।

----------------------------------------X----------------------------------------

## BJP EC

लोकसभा चुनाउमा भारतीय जनता पार्टीमाथि म्याच फिक्सिङको आरोप लगाएको मामिलामा पार्टीले कंग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीविरूद्ध आज चुनाउ आयोगमा गुनासो दर्ता गऱ्यो। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रिय मन्त्री श्री हरदीप सिंह पुरीको नेतृत्वमा पार्टीको एउटा प्रतिनिधिमण्डलले श्री गान्धीले भारतीय लोकतन्त्रलाई कमजोर बनाएको आरोपसितै EVM मुद्दासित सम्बन्धित टिप्पनीको पनि आयोगलाई जानकारी दियो। नयाँ दिल्लीमा चुनाउ आयोगसितको बैठकपछि मिडियासित कुरा गर्दै श्री पुरीले श्री राहुल गान्धीमाथि कम्जोर स्तरको राजनीति गरेको आरोप लगाउनुभयो। यस मामिलामा उहाँले कंग्रेस नेतामाथि कड़ा कार्यवाही गर्ने आग्रह गर्नुभएको छ।

हिजो दिल्लीको रामलीला मैदानमा विपक्षीको रेलीलाई सम्बोधन गर्दै श्री राहुल गान्धीले बीजेपी-ले EVM, म्याच फिक्सिङ र केन्द्रिय एजेन्सीहरू बिना लोकसभा चुनाउ जित्न सक्तैन भन्ने आरोप लगाउनुभएको थियो।

----------------------------------------X----------------------------------------

## Home Secretary BCAS

केन्द्रिय गृह सचिव श्री अजय कुमार भल्लाले विद्यमान समयमा नयाँ तक्निकबाट उत्पन्न हुने सुरक्षा खतराबारे जानकारी गराउनुभएको छ। आज नयाँ दिल्लीमा ब्यूरो अफ सिभिल एविएशन सर्विसेजको अड़्तीसौं स्थापना दिवसको अवसरमा श्री भल्लाले भन्नुभयो, कृत्रिम बुद्धिमता अर्थात आर्टिफिशियल इन्टेलिजेन्स, ग्लोबल पोजिशनिङ सिस्टम जेमिङ, ड्रोन र साइबर खतराले अधिक कठिनाइ उत्पन्न गरिरहेछ। उहाँले यी खतराबाट सुरक्षा सुनिश्चित गर्न सामूहिक प्रयासको आवश्यकतामाथि जोड़ दिँदै ब्यूसरोलाई नयाँ प्रौद्योगिकीसित अपडेट रहने निर्देश दिनुभयो।

----------------------------------------X----------------------------------------

## EC Gosh-Supriya

निर्वाचन आयोगले महिलाहरू विरूद्ध अपमानजनक टिप्पणीका लागि भारतीय जनता पार्टीका सांसद श्री दिलीप घोष र कंग्रेस नेता श्रीमती सुप्रिया श्रीनेतको निन्दा गरेको छ। पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बेनर्जीविरूद्ध भाजपा सांसद श्री घोषको बयानको कड़ा निन्दा गर्दै आयोगले उहाँलाई आदर्श आचार संहिता लागू भएको कारण सार्वजनिक बयान दिँदाको समय सावधानी अपनाउने चेतावनी

दिएको छ। आयोगले भाजपाकी लोकसभा उम्मेदवार सुश्री कंगना रनौतविरूद्ध अपमानजनक टिप्पणीका लागि कंग्रेस नेता श्रीमती सुप्रिया श्रीनेतलाई पनि चेतावनी दिँदै सार्वजनिक बयान दिँदाको समय संयम राख्नु भनेको छ। आयोगले आफ्नो आदेशमा भनेको छ, यी दुवै नेताहरूले व्यक्तिगत टिप्पनणी गरेर आदर्श आचार संहिताको प्रावधानको उल्लंघन गरेका छन्।

--------------------------------------X--------------------------------------

LPG

तेल विपणन कम्पनीहरूले देशभरि उन्नाइस किलोग्रामको वाणिज्यिक LPG सिलिण्डरको दाम कम गरेको छ। यसमा अलग-अलग शहरहरूमा तीसदेखि बत्तीस रूपियाँसम्मको कटौती गरिएको छ। दिल्लीमा वाणिज्यिक सिलिण्डरको मूल्य एक हजार सात सय पञ्चनब्बेबाट घटेर अब एक हजार सात सय चौंसट रूपियाँ भएको छ। कलकत्तामा यसको मूल्य एक हजार आठ सय उनासी, मुम्बईमा एक हजार सात सय सत्र र चेन्नईमा एक हजार नौं सय तीस रूपिया भएको छ।

--------------------------------------X--------------------------------------